कम्पनी रजिष्ट्रार द.नं. ९५७३७/०६९/०७०
पान ६००८७१७७८

ने.रा.बैंक/इ.प्रा./'घ'/२६/०६९/०७०

# विजय लघुवित्त वित्तीय संस्था लिमिटेड
# Vijaya Laghubitta Bittiya Sanstha Ltd.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)

**Banking with Happiness**

Ref. No. ३२८/०७५/७६

मिति : २०७५/८/१६

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबारप्लाजा, काठमाण्डौं ।

विषय : शेयर दाखिला खारेज सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको संचालक समितिको ९२ औं बैठकको निर्णय अनुसार संस्थाको छैटौ वार्षिक साधारण सभा मिति २०७५/९/१४ गते (तदनुसार २९ डिसेम्बर, २०१८), शनिबार बस्ने र उक्त वार्षिक साधारण सभा प्रयोजनको लागि यहि मिति २०७५/०८/२८ गते देखि २०७५/९/१४ गते सम्म वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द गर्ने निर्णय गरेको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

वार्षिक साधारण सभामा प्रस्तावित लाभांश निम्न अनुसार रहेको छ ।

प्रस्तावित नगद लाभांश प्रतिशत : ०.५२६% (शुन्य दशमलव पाँच दुई छ प्रतिशत ), (
रु. ९३२,१०५.२६ (अक्षरुपी नौ लाख बत्तीस हजार एक सय पाँच र पैसा छब्बिस मात्र)

प्रस्तावित बोनश शेयर प्रतिशत : १०% (दश प्रतिशत ), १७७,१०० कित्ता

हकप्रद शेयर प्रतिशत : १०० % ( १ : १ को अनुपातमा)

शेयर दाखिला खारेज मिति : २०७५/०८/२८ गते देखि २०७५/९/१४ सम्म
हालको चुक्ता पूँजी: रु. १७७,१००,०००।- (सत्र करोड एकहत्तर लाख मात्र)

वार्षिक साधारण सभाको मिति : २०७५/९/१४ गते (तदनुसार २९ डिसेम्बर, २०१८), शनिबार

वार्षिक साधारण सभाका प्रयोजनको लागि प्रकाशित सूचनाको प्रतिलिपि यसैसाथ संलग्न छ ।

नाराणय सापकोटा
कम्पनी सचिव

Vijaya Laghubitta Bittiya Sanstha Ltd. VLBS Estd: 2069 Gaindakot-5, Nawalparasi

Head Office : Gaindakot-5, Nawalparasi, ☎: 078-503122, Fax: 078-503130
E-mail: vlbs@vlbs.com.np | URL: www.vlbs.com.np

कम्पनी रजिष्ट्रार द.नं. ९५७३७/०६९/०७०
पान ६००८७१७७८

ने.रा.बैंक/इ.प्रा./'घ'/२६/०६९/०७०

विजय लघुवित्त वित्तीय संस्था लिमिटेड
Vijaya Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)
Banking with Happiness

Ref. No. ३२८/०७५/७६

मिति : २०७५/८/१६

श्री नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबारप्लाजा, काठमाण्डौं ।

**विषय : वार्षिक साधारण सभा बस्ने बारे ।**

महोदय,
उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको संचालक समितिको मिति २०७५।८।१४ शुक्रबारका दिन सम्पन्न ९२ औं बैठकको निर्णय अनुसार संस्थाको छैटौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहाय बमोजिमको विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने र उक्त वार्षिक साधारण सभा प्रयोजनको लागि यहि मिति २०७५/०८/२८ गते देखि २०७५/९/१४ गते सम्म वित्तीय संस्थाको शेयर दाखिला खारेज बन्द गर्ने निर्णय गरेको ब्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

मिति : २०७५/९/१४ गते (तदनुसार २९ डिसेम्बर, २०१८), शनिबार
स्थान : होटल रेडकार्पेट, लायन्स चोक, नारायणगढ, चितवन
समय : बिहान ११:३० बजे

वार्षिक साधारण सभामा छलफल हुने विषय/प्रस्तावहरु :

**(क) सामान्य प्रस्ताव तर्फ :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदन पेश गर्ने र सो उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदनसहित २०७५ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त आ.व.०७४/०७५ को नाफा नोक्सान हिसाब तथा सोही अवधिको नगद् प्रवाह विवरण लगायत वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम बोनस शेयर कर प्रयोजनको लागि रु. ९३२,१०५.२६ नगद लाभांश स्वीकृत गर्ने ।
४) बैंक तथा वित्तीय संस्था ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा ११ अनुसार आर्थिक वर्ष २०७५/०७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिको सिफारिस मुताबिक लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (साविकका जोशी एण्ड भण्डारीका सि.ए.श्री प्रविण कुमार झा को तीन वर्ष पुरा भएकाले पुन: नियुक्त हुन नसक्ने । )
५) सर्वसाधारण शेयरधनीहरुको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने रिक्त भएको सञ्चालक पद–१ मा समितिको ८९ औं बैठकबाट गरिएको सञ्चालकको नियुक्तिलाई बाँकी कार्यकाल सम्मको लागि अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्ताव तर्फ :**

१) वित्तीय संस्थाको अधिकृत पूँजी रु. ५००,०००,०००।– जारी तथा चुक्ता पूँजी रु.३८९,६२०,०००।– पुऱ्याउने गरी बृद्धि गर्ने र तदनुरुप हुने गरी प्रबन्धपत्र तथा नियमावलीको सम्बद्ध दफामा संसोधन गर्ने ।
२) सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजीको १० प्रतिशतका दरले बोनस शेयर वितरण गर्ने ।
३) बोनस शेयर वितरण पश्चात कायम हुने चुक्ता पूँजीको (१:१) को अनुपातमा रु. १९४,८१०,०००।– बराबरको हकप्रद शेयर जारी गर्ने, हकप्रद शेयर जारी गर्दा आउने भिन्न अंक (Fraction) लाई माथिल्लो पूर्ण अंकामा निवेदन दिन पाऊने गरी जारी गर्ने र यसरी जारी गर्दा चुक्ता पूजी बृद्धि हुने भएमा आगामी वार्षिक साधारण सभाबाट सो अनुमोदन गराउने गरी नेपाल धितोपत्र बोर्डमा थप धितोपत्र दर्ता गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख गराउने सम्बन्धमा ।
४) यस वित्तीय संस्थाले अन्य कुनै वित्तीय संस्था प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने (Merger) प्रयोजनको लागि आवश्यक भए उपसमिति गठन गरी उपयुक्त वित्तीय संस्थाको पहिचान र छनौट गर्ने समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सो को आधारमा सैद्धान्तिक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, आवश्यकता अनुसार सम्पत्ति तथा दायित्वहरुको मूल्याङ्कन (Due Diligence Audit) गर्न परामर्शदाता, मूल्याङ्कनकर्ता तथा लेखापरिक्षकहरु नियुक्त गर्ने, नीजहरुको पारिश्रमिक तोक्ने तथा प्राप्ति (Acquisition) गर्ने वा एक आपसमा गाभिने

Head Office : Gaindakot-5, Nawalparasi, ☎: 078-503122, Fax: 078-503130
E-mail: vlbs@vlbs.com.np | URL: www.vlbs.com.np

विजय लघुवित्त वित्तीय संस्था लिमिटेड
Vijaya Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था" (राष्ट्रिय स्तर)
Banking with Happiness

Ref. No.

(Merger) सँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु बमोजिम अपनाउनु पर्ने तथा गर्नु पर्ने सम्पूर्ण आवश्यक कार्य, प्रकृयाहरु पूरा गरी अख्तियार प्राप्त निकायहरुबाट अन्तिम स्वीकृत लिने तथा सो सन्दर्भमा नियमक निकायहरुबाट निर्देश गरे बमोजिमका विवरण उपलब्ध गराउने लगायतका कार्यहरु गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

५) प्रबन्धपत्र तथा नियमावलीमा भएका संशोधन/थप उपर नियमनकारी निकायबाट कुनै विषयमा थप संशोधन गर्न वा भाषिक संशोधन गर्न वा फेरबदल गर्न कुनै निर्देशन वा सुझाव दिएमा, सो मुताविक संशोधन गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने ।

(ग) विविध

नारायण सापकोटा
कम्पनी सचिव

द्रटव्य : छैटौ वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७५/०८/२८ गते देखि २०७५/०९/१४ गतेसम्म यस वित्तीय संस्थाको शेयर दाखिला खारेज दर्ता बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७५/०८/२७ गते सम्म कारोबार भई प्रचलित कानुन बमोजिम यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार एनआईबिएल एस क्यापिटल लि., लाजिम्पाट, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरूले सो सभामा भाग लिन पाउने छन् ।

बोधार्थ :
१. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, वालुवाटार, काठमाण्डौं ।
२. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रबर्द्धन तथा सुपरिवेक्षण विभाग, वालुवाटार, काठमाण्डौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।

Head Office : Gaindakot-5, Nawalparasi, ☎: 078-503122, Fax: 078-503130
E-mail: vlbs@vlbs.com.np | URL: www.vlbs.com.np